नगर सभाको मितिः २०७७/१२/३०, प्रमाणिकरण मितिः २०७८/०१/१०

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम,धनुषा
प्रदेश नं.२, नेपाल

# जनकपुरधाम उप-महानगरपालिकाको मर्मत सम्भार कोष संचालन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

प्रस्तावना :-

जनकपुरधाम उप-महानगरपालिका क्षेत्रभित्र रहेको भौतिक पुर्वाधार, सम्पदा आदिको समयमा नै मर्मत सम्भार गरी लागत प्रभावकारीताका माध्यमले खर्च मितव्ययीता र दिगो वनाउन आवश्यक भएको, मर्मत सम्भारलाई व्यवस्थित गरी नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जनकपुरधाम उप-महानगरपालिको नगर सभाले यो मर्मत सम्भार कोष संचालन ऐन, २०७८ वनाएको छ ।

१. **यो ऐनको नाम "मर्मत सम्भार कोष संचालन ऐन, २०७८" रहने छ ।**

२. यो ऐन जनकपुरधाम उप-महानगरपालिकाको मिती २०७७/१२/३० गतेको नगरसभाको निर्णयानुसार तुरन्त लागू गरिएको छ ।

३. **विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**
   (क) "ऐन" भन्नाले मर्मत सम्भार कोष संचालन ऐन, २०७८ सम्झनु पर्छ ।
   (ख) "उप-महानगरपालिका" भन्नाले जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जनकपुरधामलाई सम्झनु पर्छ ।

४. उद्देश्य :- यो ऐनको उद्देश्य निम्नानुसार रहेको छ :
   (क) भौतिक पूर्वाधारहरुको दिगो रुपमा संचालन भइरहने अवस्थाको सृजना गर्ने ।
   (ख) स्थानीय श्रम सिप र प्रविधिमा मर्मत सम्भार गर्न सकिने ।
   (ग) समयमा नै मर्मत सम्भार गर्दा थप धन जन र संरचनाको नोक्सानी हुनबाट जोगिने ।
   (घ) संरचनाको तत्काल मर्मत सम्भार गर्न सकिने ।

५. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको गठन :-**
   (क) मर्मत सम्भार कोषलाई बढि प्रभावकारी र भरपर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ ।

१. नगर प्रमुख -अध्यक्ष
२. प्रमुख प्रशासकिय अधिकृत -सदस्य
३. योजना शाखा प्रमुख -सदस्य सचिव

(ख) समितिको बैठक कम्तीमा ३ महिनामा एक पटक वस्नेछ र आवश्यक परेमा जुनसुकै बखत पनि वस्नेछ ।

(ग) बैठकमा आवश्यकता अनुसार कसैलाई आमन्त्रण गरी आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

६. **मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः-**

(क) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. उप-महानगर क्षेत्र भित्रका विभिन्न पूर्वाधारहरुको प्राथमिकता तोकी मर्मत सम्भारको कार्यक्रम बनाउने ।
२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागी श्रोत र साधनको खोजी गर्ने ।
३. मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायको खोजी गर्ने ।
४. मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्वन्धि कार्य योजना बनाउने ।
५. सडक, ढल, खानेपानी, सिंचाई, कलभर्ट, भवन, सम्पदा लगायतका क्षेत्रहरुको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार/स्तरोन्नती सम्वन्धि व्यवस्थापकिय कार्यहरु गर्ने ।
६. पूर्वाधार मर्मत सम्भार/स्तरोन्नती सम्वन्धी कार्यको निरीक्षण गर्ने ।

७. **मर्मत सम्भार कोषको स्थापना** :- मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना रहेको जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

(१) नेपाल सरकारबाट प्राप्त अनुदान रकम
(२) प्रदेश सरकारबाट प्राप्त हुने रकम
(३) नगरसभाबाट विनियोजित भएको रकम
(४) राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम
(५) अन्य स्थानिय तह/सडक बोर्ड नेपालबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम
(६) उपभोक्ता समितिबाट निर्माण गरिने निर्माण कार्यहरुबाट कट्टा गरिने ३ प्रतिशतले हुन आउने रकम

प्रमुख

नगर सभाको मिति: २०७७/१२/३०, प्रमाणिकरण मिति: २०७८/०१/१०

प्रमुख

८. **खर्च गर्ने कार्यक्षेत्र** :- मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ ।

(क) ढल मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य ।

(ख) वडा कार्यालय/सामुदायिक भवनहरु लगायत अन्य पूर्वाधारहरु मर्मत/स्तरोन्नती गर्ने ।

(ग) नालाहरु सरसफाई तथा मर्मत गर्ने ।

(घ) सडकका खाल्टा खुल्डी पुर्ने तथा मर्मत सम्भार/स्तरोन्नती गर्ने कार्य ।

(ङ) यस उप-महानगरपालिकाबाट संचालन हुने अधुरो योजनाहरु सम्पन्न गर्नको लागी नपुग रकम थप गर्ने ।

९. **खर्च गर्ने विधि र प्रकृया :**

(क) एक पटकमा अधिकतम रु. १०,००,०००।- (अक्षरेपी रु. दश लाख) सम्मको मर्मत कार्य मर्मत सम्भार कोष व्यवस्थापन समितीको सिफारिशमा प्राविधिकको लागत ईष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

(ख) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीबाट मूल्याँकन सिफारिश गर्नुपर्नेछ ।

(ग) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक पर्ने विल भर्पाईका आधारमा मर्मत गर्ने व्यक्ति/संस्था लाई भुक्तानी दिईनेछ ।

(घ) मर्मत सम्भार कोषको रकम प्रशासनिक खर्च, अनुदान तथा आर्थिक सहायतामा खर्च गर्न पाईने छैन ।

१०. **मर्मत सम्भारको लागी छनौटको मापदण्ड :**

(१) स्थानियवासी तथा संघ संस्था समेतबाट मर्मत सम्भारका लागी माँग भई आएका योजनाहरु र उप-महानगरपालिकाले आवश्यक ठानेमा नगर प्रमुखको आदेशमा मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

(क) सवैभन्दा बढि क्षति भएको भौतिक संरचनाहरु ।

(ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

(ग) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा ।

(घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

(ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा ।

प्रमुख

(च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

(छ) आापतकालिन मर्मत सम्भार आवश्यकताको आधारमा ।

११. संशोधन वा खारेजी :

(क) मर्मत सम्भार कोष संचालन ऐन संशोधन वा खारेज गर्नु परेमा नगर सभाबाट हुनेछ ।

(ख) यो ऐन उल्लेख भएको कुराहरुको हकमा यसै ऐन अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

जनकपुरधाम उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय जनकपुरधाम, धनुषा प्रदेश नं.२, नेपाल

लाल किशोर साह
नगर प्रमुख
प्रमुख

प्रमाणिकरण मिती:- २०७८/०१/१०